# मुक्त हरवा-चरवा अधिकार अभियान प्रकृयागत अभिलेखीकरण

**सहयोगी निकायः**

THE FREEDOM FUND

## प्रतिबेदन तयार गर्नेः


**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**

धनगढी उपमहानगरपालीका -५, हसनपुर, धनगढी, कैलाली

सम्पर्क: ००९७७-९१५२०६०४ (कार्यालय) इमेल: rdnnepal@yahoo.com

(सम्पर्क कार्यालय, बिजुलीबजार (प्रभु बैंकको विपरित) काठमाडौं)

## १.सामरिक सन्दर्भ:

नेपाल संघीयता र समावेशी विकासको अभ्यासमा छ । जसमा तीन तहका सरकार छन्: स्थानीय, प्रदेश र संघीय । त्यसैगरी, नेपाल सरकारले साउन ६, २०७९ (१८ जुलाइ २०२२) मा औपचारिक रुपमा हरवा चरवा मुक्त देश घोषणा गरेको छ । भूमि व्यवस्था, सहकारी र गरिबी निवारण मन्त्रालयले मुक्त हरवा चरवा, हलिया, कमैया र कम्लहरी पूनर्स्थापना मार्गदर्शन अनूमोदन गरेको छ । उक्त मार्गदर्शन मन्त्रीपरिषद्बाट अनूमोदनको लागि अर्थ मन्त्रालय र कानुन मन्त्रालयमा पठाइएको छ । त्यसैगरि, एउटै ऐनभित्र कृषिका कमैया मजदुर र मुक्त हरवा चरवा, हलिया, कमैया र कम्लहरीका सवालहरु सम्बोधन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एकिकृत कमैया श्रम ऐन मस्यौदा तयार गरेको छ ।

## २. परियोजनाको संक्षिप्त विवरण:

राष्ट्रिय दलित नेटवर्क (RDN) ले नेपालमा कृषिका कमैया मजदुर: हरवा-चरवा, हलिया र कम्लहरी (HCHaK) को उद्धार र पूनर्स्थापना गर्ने उद्देश्यले Freedom Fund को आर्थिक सहयोगमा १९ चैत २०७७ (1st April, 2021) देखि १७ असार २०८१ (30th June, 2024) सम्मको लागि 'नेपालमा कृषि कमैया मजदुर उन्मुलन परियोजना' शीर्षकको परियोजना कार्यन्वयन गरिरहेको छ ।

परियोजनाले यी दुई परिमाणको परिकल्पना गरेको छ:

- कृषि कमैया मजदुरको संयुक्त आन्दोलनमा योगदान पुऱ्याउन हरवा-चरवा सञ्जाल गठन गर्ने, मजबुत बनाउने र परिचालन गर्ने ।

- कृषि कमैया मजदुरको पक्षमा प्रदेश र संघीय सरकारको विधान, नीति र कार्यक्रम परिवर्तन र कार्यन्वयनको लागि वकालत गर्न *FLEAG* मञ्च परिचालन गर्ने ।

## ३. अभियानको उद्देश्यहरु

- हरवा-चरवाका मालिक (जमिन्दार), स्थानीय सरकार, सरकारी कर्मचारीहरु, प्रहरी कार्यालयहरु, नागरिक समाज र वृहत स्तरका सम्बन्धित सरोकारवालालगायत लक्षित समूदायहरुमा हरवा-चरवाको उद्धारसम्बन्धि भएको घोषणाको सन्देश फैलाउने ।

- सञ्जालको गतिविधि निर्माण र सुदृढिकरणको लागि सहयोग गर्ने ।

- कमैयाको ऋण खारेजी र मुक्त हरवा-चरवाको न्यायोचित पूनर्स्थापनाको बारेमा स्थानीय तह र प्रादेशिक स्तरका नीति निर्माता र कार्यसम्पादनकर्ताहरुलाई संवेदनशील बनाउने ।

**४. अभियानको अवधी :** २५ चैत २०७९ (8th April, 2023) देखि २९ चैत २०७९ (12th April, 2023) सम्म ।

**५. अभियानस्थल** : नेपालको मधेस प्रदेशका (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) ८ जिल्लाहरु ।

**६. अभियानमा सहभागीहरु** : जम्मा ५० जना (हरवा-चरवा सञ्जालका सदस्यहरु ३० जना, हलिया, कमैया र कम्लहरी सहभागी ४ जना, राष्ट्रिय दलित सञ्जाल समूह सदस्यहरु ७ जना, स्वतन्त्र कोष साझेदार ४ जना, र स्वतन्त्र कोष समूहका ४ जना) प्रत्यक्ष रुपमा सामेल हुनेछन् र
नागरिक समाज संस्थाहरु र अरु सम्बन्धित सरोकारवालासमेत स्थानीय सरकारी अधिकारीहरुसँग अन्तरक्रिया र छलफलबाट लक्षित समुदाय र सरोकारवालाहरुबाट थप १००० भन्दा बढि व्यक्ति परिचालन गरिनेछ । जम्मा सहभागीमध्ये ४० प्रतिशत महिलाको अर्थपूर्ण सहभागीता सूनिश्चित गरिनेछ ।

***टिप्पणी: सहभागीहरुको सूची अनुसूची २ *(Annex-II)* मा उल्लेख गरिएको छ ।**

**७. अभियानको प्रक्रिया र कार्यन्वयन रणनीतिहरु :**

- ३० जना हरवा-चरवा सञ्जाल सदस्यहरु मध्येबाट (८ जिल्लाका ३ हरवा-चरवा सञ्जाल सदस्यहरुको दरले २४ जना र ६ जना राष्ट्रिय हरवा-चरवा सञ्जालबाट), १५ हरवा-चरवा सञ्जाल सदस्यहरुले राजविराजको पहिलो समूहमा सहभागीता जनाउनेछन् र बाँकि १५ हरवा-चरवा सञ्जाल सदस्यहरु विरगञ्जमा दोस्रो समूहमा सहभागीता जनाउनेछन् ।

- अभियानका सहभागीहरु जिल्ला र राष्ट्रिय हरवा-चरवा सञ्जालको बैठकहरु र स्वयंसेवीको आधारमा छानिनेछन् ।

- प्लेकार्डको साथमा र्‍याली आयोजना गरेर अभियानको उद्घाटन गरिनेछ जहाँ स्थानीय हरवा-चरवा सञ्जाल सदस्यहरु र सरोकारवालाहरु ऐक्वद्धताको लागि सहभागी हुनेछन् ।

- सहभागीको सुरक्षाको सम्बन्धमा, राष्ट्रिय दलित सञ्जालले अभियानको विस्तृत तालिका बनाउनेछ र सहभागीहरु र अभियानको बाटोमा पर्ने प्रहरी अधिकारीहरुलाई प्रदान गर्नेछ । साथै सुरक्षाको सुनिश्चितता गर्न स्थानीय सरकारलाई जानकारी गराइनेछ ।

- अभियानको आयोजना गर्न भन्दा पहिले राष्ट्रिय दलित सञ्जाल सदस्यहरुले जोखिम मूल्यांकन र जोखिम न्यूनीकरण योजना विकास गर्ने छन् । सहभागीहरुलाई अभियानको बेला सुरक्षाका उपायहरु उन्मूख गराइनेछ । अचारसंहिता तयार गरिनेछ र हरेक सहभागीलाई दिइनेछ । त्यसको लागि हरेक दिन सहभागीमध्येबाट जिम्मेवारी बाँडफाँड गरेर व्यवस्थापन समूह गठन गरिनेछ । एउटा अभियानप्रमूख चयन गरिनेछ जसले सबै सहभागीलाई अभियानव्यवस्थित गर्न मार्गदर्शन गर्नेछ ।

- ट्याक्टरहरुमा नारा लेखिएका प्लेकार्ड सहितको ब्यानर झुण्ड्याइनेछ ता कि अभियानको सन्देश स्पष्टसँग प्रदर्शीत होस् । पहिचानको लागि परियोजनाले हरेक सहभागीलाई प्रिन्ट गरिएको हाफ ज्याकेट र क्याप प्रदान गर्नेछ ।

- अभियानको तालिकामा आधारित रहेर सहभागीहरुलाई खाना र बसोबासको व्यवस्था गरिनेछ जहाँ सहभागीहरु सुरक्षा उपाय अबलम्बन गर्दै रातीमा बस्नेछन् । सहभागीहरु सिटी सेन्टरमा पैदल हिँड्नेछन् र अभियानको रुटमा ट्र्याक्टरको प्रयोग गर्नेछन् । राष्ट्रिय दलित सञ्जालले अभियानको तालिकाअनुसार रातीमा बसोबासको लागि होटल व्यवस्था गर्नेछ ।

- अभियानको बेला, टोली सदस्यहरुले ८ जिल्लाका विभिन्न स्थानहरुमा स्थानीय सरकारी निकाय, नागरिक समाज संस्थाहरु र पत्रकारहरुसँग अन्तरक्रिया र छलफल कार्यक्रम आयोजना गर्नेछन् ।

- अभियानको बेला, स्थानीय हरवा-चरवा सञ्जाल सदस्यहरु र सम्बन्धित एफएफ साझेदारहरुले अभियानटोलीसँग भेट्नेछन् र तिनीहरुलाई स्वागत गर्नेछन् । त्यसैगरि, सम्बन्धित क्षेत्रका स्थानीय निकाय प्रतिनिधिहरुलाई पनि भेट्नेछन् ।

- अभियानको अन्तिम दिन, मधेस प्रदेशका नीति निर्माता, मूख्य मन्त्री र अरु सरोकारवालाको उपस्थितीमा टोली सदस्यहरुले समापन समारोह आयोजना गर्ने छन् ।

## ८. हरवा-चरवा अभियान विस्तृतमा :

### समूह एः (राजविराज देखि जनकपुर)

**पत्रकार सम्मेलन** : राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चले हरवा-चरवा अधिकार अभियान- २०२३ को सन्देश प्रवाह गर्ने उद्देश्यले २४ चैत २०७९ मा सप्तरीको राजविराजमा पत्रकार सम्मेलन आयोजना गर्‍यो । स्थानीय र राष्ट्रियस्तरका विभिन्न विद्युतिय र छापामाध्यमका गरि जम्मा २५ जना सञ्चारकर्मीले पत्रकार सम्मेलनमा सहभागीता जनाएका थिए । कार्यक्रममा राष्ट्रिय दलित नेटवर्क (RDN) का वकालत अधिकृत (Advocacy Officer) सञ्जय महराले सहजीकरण गर्नुभएको थियो भने अध्यक्षता राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चको महासचिव लगेन्द्र सदाले गर्नुभएको थियो । त्यसैगरि, RDN का केन्द्रिय अध्यक्ष गणेश विके र बालाराम भट्टराईले पत्रकारका जिज्ञासा सम्बोधन गर्नुभएको थियो । पत्रकार सम्मेलनका कारण हरवा-चरवाका सवालहरु र अभियानको सन्देश पत्रिकाहरुमा प्रकाशित भए । त्यसपछि अभियानका सहभागीहरु आचरसंहिता र सुरक्षाका विषयमा केन्द्रित भएका थिए ।

### पहिलो दिन (२५ चैत २०७९ (8th April, 2023))

अभियानका सहभागीले मुक्त हरवा-चरवाको तत्काल पूनर्स्थापनासँग सम्बन्धित नारा लेखिएका प्लेकार्ड सहित सप्तरीको राजविराजस्थित नेताचोकमा प्रदर्शन गरेर अभियानको सुरुवात गरियो । राजविराज नगरपालीकाका अधिकृत निरञ्जनकुमार यादवले अभियानको उद्घाटन गर्नुभयो । उक्त अवसरमा RDN का केन्द्रिय अध्यक्ष गणेश विके, स्वतन्त्र कोषका वकालत सल्लाहकार (advocacy advisor) बालाराम भट्टराई, अध्यक्ष दशनलाल मण्डल, राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चका महासचिव लगेन्द्र सदा र (RDN) का वकालत अधिकृत (Advocacy Officer) सञ्जय महराले आफ्नो विचार प्रस्तुत गर्नुभयो ।

अभियानटोली सदस्यहरु सप्तरी जिल्लाको रुपनी गाउँपालीका तिर प्रस्थान गरे । रुपनीमा हरवा-चरवा सञ्जालका सयौं सदस्यहरु भेला भएका थिए र तिनीहरुले अभियानलाई स्वागत गरे । रुपनीको स्थानीय हरवा-चरवा सञ्जालले भर्खरै मुक्त भएका हरवा-चरवाको सवाललाई सम्बोधन गर्न स्थानीय सरकारको प्रतिवद्धता कार्यक्रम आयोजना गऱ्यो । रुपनी गाउँपालीकाका अध्यक्ष दिनेशकुमार यादवले आफ्नो प्रतिवद्धता व्यक्त गर्नुभयो । त्यसैगरि, TFF का वकालत सल्लाहकार (advocacy advisor) बालाराम भट्टराई, राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चका कोषध्यक्ष राजवती मण्डल र SCDC सप्तरीका कार्यकारी निर्देशक बिनोद चौधरीले आ-आफ्नो विचार राख्नुभयो ।

त्यसपछि, Freedom Fund को SCDC स्थानीय कार्यन्वयन साझेदारले अभियानटोलीको स्वागतका लागि शम्भुनाथ नगरपालीकामा कार्यक्रम आयोजना गर्न सहजिकरण गऱ्यो । उक्त कार्यक्रममा शम्भुनाथ नगरपालीकाका उपमेयर अनिताकुमारी चौधरीले पनि आफ्नो प्रतिवद्धता व्यक्त गर्नुभयो । उक्त अवसरमा RDN का केन्द्रिय अध्यक्ष गणेश विके, जिल्ला भूमी अधिकार मञ्च सप्तरीका अध्यक्ष सुबेद सदा र अरु हरवा-चरवा सञ्जालका स्थानीय सदस्यहरुले आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो ।

अन्ततः अभियान टोली सुरुङ्गा पुग्यो । TFF को स्थानीय साझेदार JDS ले ऐक्वद्धता कार्यक्रम आयोजना गर्न सहजीकरण गऱ्यो । सुरुङ्गा नगरपालिकाका मेयर गीता चौधरीले हरवा-चरवाका मुद्दाहरु सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उक्त अवसरमा RDN का केन्द्रिय अध्यक्ष गणेश विके, स्वतन्त्र कोषका वकालत सल्लाहकार (advocacy advisor) बालाराम भट्टराई, अध्यक्ष दशनलाल मण्डल, राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चका महासचिव लगेन्द्र सदा र JDS सप्तरीका अध्यक्ष रामलखन रामले आफ्नो विचार प्रस्तुत गर्नुभयो ।

## दोस्रो दिन (२६ चैत २०७९ (9th April, 2023))

अभियानको दोस्रो दिन २६ चैत २०७९ मा अभियान सिरहा जिल्लाको लहान नगरपालीका स्थित बस्तीपुरतिर लाग्यो । TFF को कार्यन्वयन साझेदार DJKYC सिरहाले स्थानीय हरवा-चरवा सञ्जाललाई सन्देश सभा आयोजना गर्नमा सहजीकरण गऱ्यो । कार्यक्रममा राष्ट्रिय हरवा-चरवा सञ्जालका सचिव लगिन्द्र सदा र कोषध्यक्ष रजबती मण्डल साथै जिल्ला हरवा-चरवा सञ्जाल सिरहाका अध्यक्ष श्यामसुन्दर सदा र DJKYC का कार्यक्रम संयोजक बहादुर सदायले आफ्नो विचार व्यक्त गर्नुभयो ।

त्यसपछि अभियान सिरहाको सखुवाननकर कट्टी गाउँपालीका पुग्यो र हरवा-चरवाका जल्दाबल्दा मुद्दाहरु उजागर गर्दै स्थानीय सरकारको प्रतिवद्धता कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा सखुवाननकर कट्टी गाउँपालीकाका प्रमुख केदारनाथ यादव र उपप्रमुख निलम यादवले स्थानीय पहलमार्फत हरवा-चरवाका सवाल सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । त्यसैगरि, राष्ट्रिय हरवा-चरवा सञ्जालका सचिव लगिन्द्र सदा र DJKYC का सिरहा जिल्ला अध्यक्ष उमेश बिसुङ्खेले आ-आफ्ना चासोका विषय प्रस्तुत गर्नुभयो ।

**तेस्रो दिन (२७ चैत २०७९ (10th April, 2023))**

अभियानको तेस्रो दिन (२७ चैत २०७९ (10th April, 2023)) मा अभियान बरियारपट्टी गाउँपालीका पुग्यो जहाँ DJKYC ले स्थानीय सरकारको प्रतिवद्धता कायम गराउन सहजीकरण गऱ्यो । कार्यक्रममा बरियारपट्टी गाउँपालीकाका प्रमुख र उपप्रमुख सन्तोष महतो र रेखाकुमारी यादवले हरवा-चरवाका सवाल सम्बोधन गर्ने प्रतिवद्धतासँगै महत्वपूर्ण मन्तव्य राख्नुभयो । त्यसैगरि, RDN का केन्द्रिय अध्यक्ष गणेश विके, राष्ट्रिय हरवा-चरवा सञ्जालका कोषध्यक्ष रजबती मण्डल, (RDN) का वकालत अधिकृत (Advocacy Officer) सञ्जय महरा र DJKYC का कार्यक्रम संयोजक बहादुर सदायले आफ्नो विचार व्यक्त गर्नुभयो ।

त्यसपछि, DJKYC को सहकार्यमा सिरहाको औरही गाउँपालीकामा जिल्ला हरवा-चरवा सञ्जाल सिरहाले सन्देश सभा आयोजना गऱ्यो । उक्त समयमा औरही गाउँपालीका प्रमुख शिवजी यादवले महत्वपूर्ण वक्तव्य राख्नुभयो । त्यसैगरि, संविधानसभा सदस्य र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति संयोजक श्याम श्रेष्ठ, संविधानसभा सदस्य र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति सदस्य हरी श्रीपाइली, RDN का बोर्ड सदस्य र सुरक्षा सम्पर्क व्यक्ति पार्वती आग्रीले आफ्नो विचार राख्नुभयो । कार्यक्रमको सहजीकरण सञ्जय महराले गर्नुभएको थियो ।

अन्ततः अभियान टोली सिरहा बजार पुग्यो र सन्देश सभा आयोजना गऱ्यो । कार्यक्रम सुरु हुनु अघि ऱ्याली सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा, संविधानसभा सदस्य र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति संयोजक श्याम श्रेष्ठ, संविधानसभा सदस्य र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति सदस्य हरी श्रीपाइली, RDN का केन्द्रिय अध्यक्ष र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति सदस्य गणेश विके, राष्ट्रिय हरवा-चरवा सञ्जालका कोषध्यक्ष रजबती मण्डल र (RDN) का वकालत अधिकृत (Advocacy Officer) सञ्जय महराले आ-आफ्नो विचार प्रस्तुत गर्नुभयो ।

**चौथो दिन (२९ चैत २०७९ (12th April, 2023))**

अभियान टोली धनुषाको गणेशमान चारनाथ नगरपालीकाको बरमझिया पुग्यो । TFF को एउटा कार्यन्वयन साझेदार CIC-धनुषाले जिल्ला हरवा-चरवा सञ्जाल धनुषालाई स्थानीय सरकारको प्रतिवद्धता कार्यक्रम आयोजना गर्न सहजीकरण गऱ्यो । उक्त कार्यक्रममा गणेशमान चारनाथ नगरपालीका प्रमुख र उपप्रमुख क्रमशः जीतनारायण यादव र तुल्साकुमारी पाण्डेले उहाँहरुको प्रतिवद्धता व्यक्त गर्नुभयो । त्यसैगरी, संविधानसभा सदस्य र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति संयोजक श्याम श्रेष्ठ, संविधानसभा सदस्य र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति सदस्य हरि श्रीपाइली, स्वतन्त्र कोष (Freedom Fund) का कार्यक्रम सल्लाहकार जियाम श्रेष्ठले आफ्ना विचार प्रस्तुत गर्नुभयो । कार्यक्रमका अतिथि र सहभागीहरुलाई CIC धनुषाका अध्यक्ष सञ्जय शाहले स्वागत गर्नुभयो । प्रतिवद्धता कार्यक्रमलाई (RDN) का वकालत अधिकृत (Advocacy Officer) सञ्जय महराले सहजीकरण गर्नुभएको थियो ।

त्यसैगरी, त्यसैदिन, TFF को एउटा कार्यन्वयन साझेदार CIC धनुषाले जिल्ला हरवा-चरवा सञ्जाल धनुषालाई शहीदनगर नगरपालिकामा स्थानीय सरकारको प्रतिवद्धता कार्यक्रम आयोजना गर्न सहजीकरण गऱ्यो । उक्त कार्यक्रममा, शहीदनगर नगरपालिकाका उपप्रमुख सुनिता सिंहले आफ्नो प्रतिवद्धता व्यक्त गर्नुभयो । त्यसैगरि, संविधानसभा सदस्य र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति संयोजक श्याम श्रेष्ठ, संविधानसभा सदस्य र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति सदस्य हरि श्रीपाइली, स्वतन्त्र कोष (Freedom Fund) का कार्यक्रम सल्लाहकार जियाम श्रेष्ठले आफ्ना विचार प्रस्तुत गर्नुभयो । कार्यक्रमका अतिथि र सहभागीहरुलाई CIC धनुषाका अध्यक्ष सञ्जय शाहले स्वागत गर्नुभयो । प्रतिवद्धता कार्यक्रमलाई CIC का फिल्ड अधिकृत अश्येश्वर शाहले सहजीकरण गर्न भएको थियो ।

**समूह बीः (विरगंज देखि जनकपुर)**

पत्रकार सम्मेलनः राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चले हरवा-चरवा अधिकार अभियान- २०२३ को सन्देश प्रवाह गर्ने उद्देश्यले २४ चैत २०७९ (7th April, 2023) मा पर्साको विरगंजमा पत्रकार सम्मेलन आयोजना गऱ्यो । स्थानीय र राष्ट्रियस्तरका विभिन्न विद्युतिय र छापामाध्यमका गरि जम्मा १३ जना सञ्चारकर्मीले पत्रकार सम्मेलनमा सहभागीता जनाएका थिए । कार्यक्रमको सहजीकरण RDN को (advocacy officer) वकालत अधिकृत रुपनारायण पासवानले र अध्यक्षता राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चका उपाध्यक्ष श्रीप्रसाद सदाले गर्नुभएको थियो । त्यस्तै, RDN नेपालका कोषाध्यक्ष जंगबहादुर सुनारले आफ्नो विचार व्यक्त गर्नुभयो । पत्रकार सम्मेलनका कारण हरवा-चरवाका सवालहरु र अभियानको सन्देश पत्रिकाहरुमा प्रकाशित भए । त्यसपछि अभियानका सहभागीहरु आचरसंहिता र सुरक्षाका विषयमा केन्द्रित भएका थिए ।

**पहिलो दिन (२५ चैत २०७९ (8th April, 2023))**

मुक्त हरवा-चरवाको तत्काल पूनर्स्थापनासँग सम्बन्धित नारा लेखिएका प्लेकार्ड सहित अभियानका सहभागीको प्रदर्शनीसँगै पर्साको विरगंजमा अभियानको सुरुवात गरियो । विरगंज

महानगरपालीकाका मेयर राजेशमान सिंहले अभियानको उद्‌घाटन गर्नुभयो । कार्यक्रमको अध्यक्षता राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चका उपाध्यक्ष श्रीप्रसाद सदाले गर्नुभयो । उहाँको आवाज दिईएको फेसबुक लिंक मार्फत सुन्न सकिन्छः

- https://www.facebook.com/messenger_media?attachment_id=222867513664266&message_id=mid.%24cAAAABV1lvfaNxbSkBGHlGxgYjV2i&thread_id=100013835793846

त्यसपछि, अभियानका टोली सदस्यहरु पर्सा जिल्लाको बहुदरमाई नगरपालिकातिर लागे । बहुदरमाई हरवा-चरवा सञ्जालका सयौं सदस्यहरु भेला भएका थिए र तिनीहरुले अभियानलाई स्वागत गरे । बहुदरमाईको स्थानीय हरवा-चरवा सञ्जालले भर्खरै मुक्त भएका हरवा-चरवाको सवाललाई सम्बोधन गर्न स्थानीय सरकारको प्रतिवद्धता कार्यक्रम आयोजना गर्‍यो । वार्ड अध्यक्ष रामबाबु यादवले आफ्नो प्रतिवद्धता व्यक्त गर्नुभयो । त्यसपछि, अभियानको टोली बाराको जितपुर सिमरा पुग्यो र सन्देश सभा आयोजना गर्‍यो । अन्त्यमा, कलैयामा प्लेकार्ड र नारासहित र्‍याली आयोजना गरियो ।

## दोस्रो दिन (२६ चैत २०७९ (9th April, 2023))

अभियानको दोस्रो दिन २६ चैत २०७९ (9th April, 2023) मा अभियान टोली बिहानै करैयामाई गाउँपालिका तिर लाग्यो । त्यसपछि, अभियानका सहभागीहरुको स्वागतको लागि करैयामाई गाउँपालिका कार्यालय आफैले औपचारिक कार्यक्रम आयोजना गर्‍यो । त्यसैबेला, करैयामाई गाउँपालिका प्रमुख सम्भुप्रसाद यादवले आफ्नो प्रतिवद्धता व्यक्त गर्नुभयो । राष्ट्रिय हरवा-चरवा सञ्जालका सदस्य आशा पासवान र जिल्ला राष्ट्रिय हरवा-चरवा सञ्जाल पर्साका अध्यक्ष अमरदेव पासवानले आफ्ना विचार राख्नुभयो । त्यसपछि, कोल्भीमा सन्देशसभा आयोजना गरियो ।
अन्त्यमा, गरुडामा जिल्ला हरवा-चरवा अधिकार मञ्च रौतहटले बृहत सन्देश सभा आयोजना गरियो ।

कार्यक्रमका प्रमुख अतिथि एवं मधेस प्रदेशका सामाजिक विकास राज्य मन्त्री माननीय अब्दुल कलाम आजातले प्रदेश सरकार भर्खरै मुक्त भएका हरवा-चरवाका मुद्दाहरु तयार हुने बताउनुभयो । उक्त अवसरमा, RDN का केन्द्रिय अध्यक्ष, स्वतन्त्र कोषका वकालत सल्लाहकार (advocacy advisor) बालाराम भट्टराई र कार्यक्रम सल्लाहकार ब्रम्हदेब राम, मधेस प्रदेश सरकारको दलित विकास समिति सदस्य राजकुमार दास, जनता समाजवादी पार्टी रौतहट अध्यक्ष रामबिहारी यादव, माधवनारायण नगरपालिका -३ वार्ड अध्यक्ष राजकुमार यादव, कमैया महिला जागरण समाज-बर्दियाका केन्द्रिय अध्यक्ष बिरानी देवी थारु, जिल्ला हरवा-चरवा सञ्जाल रौतहटका कोषध्यक्ष र सहसचिव शान्ती राम र डिका कुमारी ठाकुरले आफ्नो विचार प्रस्तुत गर्नुभयो । जिल्ला हरवा-चरवा सञ्जाल रौतहटका सदस्य सुनिलकुमार पासवानले प्रमुख अतिथि, अतिथिहरु र कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्नुभयो । जिल्ला हरवा-चरवा अधिकार मञ्च रौतहटका अध्यक्ष बिग्नेस पासवानले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो । कार्यक्रममा तिनीहरुको समग्र सशक्तीकरण र परिचालनको लागि लक्षित समुदायहरुबाट हजारौंको संख्यामा हरवा-चरवा सहभागी भएका थिए । कार्यक्रमको सहजीकरण RDN नेपालको रौतहटका जिल्ला हरवा-चरवा कार्यकर्ता (activist) सुब्बा साहेब पासवानले गर्नुभएको थियो ।

## तेस्रो दिन (२७ चैत २०७९ (10th April, 2023))

अभियानको तेस्रो दिन (२७ चैत २०७९ (10th April, 2023)) मा अभियान सर्लाही जिल्लाको मलंगवा नगरपालिका पुग्यो जहाँ RDN ले स्थानीय सरकारको प्रतिवद्धता सञ्चालन गर्न जिल्ला हरवा-चरवा सञ्जाललाई सहजीकरण गऱ्यो । उक्त कार्यक्रममा, मलंगवा नगरपालिकाका उपमेयर सकुन्तला देवी शाहले हरवा-चरवाका मुद्दा सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै महत्वपूर्ण सम्बोधन गर्नुभयो । त्यसैगरी, उक्त अवसरमा जिल्ला हरवा-चरवा सञ्जाल सर्लाहीका उपाध्यक्ष सोनीया माझीले आफ्नो मन्तव्य व्यक्त गर्नुभयो । कार्यक्रमको सहजीकरण RDN का वकालत अधिकृत रुपनारायण पासवानले गर्नुभएको थियो । त्यसपछि, सर्लाही जिल्लाको ब्रह्मपुर गाउँपालिकामा जिल्ला हरवा-चरवा सञ्जाल सर्लाहीले सन्देश सभा आयोजना गऱ्यो । सोही क्रममा गाउँपालीका अध्यक्ष राम पदरत शाहले महत्वपूर्ण सम्बोधन गर्नुभयो । अन्त्यमा, अभियान टोली प्रतिवद्धता कार्यक्रम आयोजना गर्न चन्द्रनगर र इश्वरपुर पुग्यो ।

## चौथो दिन (२९ चैत २०७९ (12th April, 2023))

अभियान टोलीलाई बर्दिबासमा राष्ट्रिय भूमि अधिकार मञ्चले स्वागत गऱ्यो । त्यसपछि, अभियान टोली जलेश्वर प्रस्थान गऱ्यो । RDN ले जिल्ला हरवा-चरवा अधिकार मञ्चलाई भर्खरै मुक्त भएका हरवा-चरवाका मुद्दा सम्बोधन गर्नको लागि स्थानीय सरकारको प्रतिवद्धता कार्यक्रम आयोजना गर्न सहजीकरण गऱ्यो । उक्त अवसरमा, जलेश्वर नगरपालिकाका उपमेयर राशन खातुनले आफ्नो प्रतिवद्धता व्यक्त गरेका थिए । त्यसैबेला, जलेश्वर महोत्तरीको डाइनामिक एजुकेसन क्लवका अध्यक्ष रोशन चौधरीले आफ्नो विचार प्रस्तुत गर्नुभयो । त्यसपछि, अभियान समापन समारोहमा सामेल हुन जनकपुर तिर लाग्यो ।

**अभियान समापन समारोहः** २९ चैत २०७९ (12th April, 2023) मा दुबै अभियान टोली (टोली 'ए' राजविराजदेखि जनकपुर र टोली 'बि' विरगंजदेखि जनकपुर) जनकपुरमा भेट भए । पिडारीचोकमा हजारौंको संख्यामा हरवा-चरवा भेला भए । त्यसपछि, राष्ट्रिय हरवा-चरवा सञ्जालले जनकपुर शहरमा पैदल प्लेकार्डसहितको ठूलो सामूहिक पैदल ऱ्याली आयोजना गऱ्यो र अन्त्यमा ऱ्याली कलावरकुट्टी पुग्यो ।

समापन समारोहको उक्त अवसरमा, मधेस प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय सुरीता शाहले 'जति हामीले संविधान र कानुनमा अधिकार स्थापित गर्न संघर्ष गरेपनि खाद्यान्न, आवास, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत मौलीक अधिकारको कार्यन्वयन सुनिश्चित गर्नमा केही व्यवहारजन्य कमजोरी थिए' भन्नुभयो । उहाँले हरवा-चरवा अभियानले प्रदेश र सम्पूर्ण देशको ध्यान आकृष्ट गरेकोले मागहरु पुरा हुने पनि बताउनुभयो । उहाँले प्रदेश सरकारको लक्ष्य हरवा-चरवा, दलित र गरीब सुविधाहिन समुदायको विकास गर्नु रहेको दावी गर्नुभयो । उहाँले अन्त्यमा भन्नुभयो, "हरवा-चरवाको पूनर्स्थापनाको लागि बजेट छुट्ट्याउन र आयोग गठन गर्ने काम गर्न प्रदेश सरकार तयार छ ।"

संविधानसभा अध्यक्ष र मुक्त हलिया, कमैया, कम्लहरी र हरवा-चरवा अवस्था अध्ययन समिति संयोजक श्याम श्रेष्ठले नयाँ जारी भएको संविधानले हरवा-चरवाको पूनर्स्थापना, जागिर र रोजगारीको लागि विशेष व्यवस्था गरेको भएपनि प्रदेश सरकारको औचित्यमा प्रश्न उठ्न सक्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'संघीय सरकारले हरवा-चरवाको मुक्तिको घोषणा गरेअनुसार प्रदेश सरकार खारेज भैसक्नुपर्ने थियो । As the federal government has declared the emancipation of Harawa-Charawa, the provincial government would have been abolished,' उहाँले मुक्त हरवा-चरवाको तत्काल पूनर्स्थापनाको लागि तीनै तहको सरकारले एकैसाथ काम गर्नुपर्ने बताउनुभयो । संविधानसभा सदस्य र अध्ययन समिति सदस्य हरी श्रीपाइलीले ९ महिना बितिसक्दा पनि मुक्त हरवा-चरवाको पूनर्स्थापनाको सुरुवात गर्न नसक्नु राज्यको लागि लज्जास्पद अवस्था भएको बताउनुभयो । त्यसैबेला, RDN का केन्द्रीय अध्यक्ष गणेश विकेले मुक्त हरवा-चरवालाई छिटो पूनर्स्थापना प्याकेज दिएर तिनीहरुको सम्मान, सुरक्षा र मानवअधिकार पालना गर्नु राज्यको प्राथमिक जिम्मेवारी भएको बताउनुभयो । उक्त अवसरमा, मधेस प्रदेशका पूर्व पर्यटन मन्त्री सुरेश मण्डल, मधेस प्रदेशको प्रदेश सभा सदस्य माननीय जीबछ यादव, स्वतन्त्र कोष (Freedom Fund) का कार्यक्रम सल्लाहकार जियाम श्रेष्ठ र वकालत सल्लाहकार बालाराम भट्टराई, मधेस प्रदेश सरकारको दलित विकास समिति उपाध्यक्ष रामप्रवेश बैठा, राष्ट्रिय हरवा-चरवा सञ्जालका उपाध्यक्ष श्रीप्रसाद सदा र कोषध्यक्ष राजबती मण्डल, र जिल्ला हरवा-चरवा सञ्जाल पर्साका अध्यक्ष अमरदेव पासवानले आफ्ना विचार प्रस्तुत गर्नुभएको थियो ।

अभियानको समापन समारोह अध्यक्षता राष्ट्रिय हरवा-चरवा सञ्जालका अध्यक्ष दशनलाल मण्डलले गर्नुभएको थियो । राष्ट्रिय हरवा-चरवा सञ्जालका महासचिव लगिन्द्र सदाले प्रमुख अतिथि, विशेष अतिथिहरु, अतिथिहरु, अरु सम्बन्धित सरोकारवाला र कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्नुभयो । समापन समारोहको सहजिकरण RDN का वकालत अधिकृत सञ्जय महराले गर्नुभएको थियो ।

**समीक्षा र विचार बैठक** : अभियानको अन्तिम दिन २९ चैत २०७९ (12th April, 2023) मा श्याम श्रेष्ठ र हरि श्रीपाइलीको उपस्थितीमा अभियानका सहभागी, RDN समूह, स्थानीय कार्यन्वयन साझेदार सहित TFF समूह बिच जनकपुरमा समीक्षा र विचार बैठक आयोजना गरियो । बैठक निम्न बुँदाहरुमा केन्द्रीत थियो :

- **के राम्रो भयो र के राम्रो भएन ?**
- **मुद्दा/चुनौतीहरु**
- **सिकिएको पाठ, र**
- **आगामी बाटो**

बैठकले यदि सरकारले मुक्त हरवा-चरवाको पूनर्स्थापना सम्बन्धि चासो र आवाज सुन्न नसके राष्ट्रिय हरवा-चरवा सञ्जालले थप आवश्यक कारबाही गर्ने छ भन्ने निष्कर्ष निकाल्यो । विचार बैठक राष्ट्रिय दलित सञ्जाल (RDN) नेपालका केन्द्रीय अध्यक्ष गणेश विकेले आयोजना गर्नुभएको थियो ।

**पत्रकार सम्मेलन** : समीक्षा र विचार बैठकपछि राष्ट्रिय हरवा-चरवा सञ्जालले RDN, SCDC सप्तरी, र CIC धनुषासँगको सहकार्यमा अभियानको सन्देश प्रवाह गर्न र मुक्त हरवा-चरवाको

तत्काल पूनर्स्थापनाका लागि थप वकालत अभियानको लागि जनकपुरमा पत्रकार सम्मेलन आयोजना गऱ्यो । पत्रकार सम्मेलनले निम्न कार्य बुँदाहरु घोषणा गऱ्यो:

- ८ जिल्लाका ३२ गाउँ/नगरपालीकामा ज्ञापनपत्र बुझाउने
- सरकारको नीति र कार्यक्रमसम्बन्धि प्रदेशस्तरमा रणनीतिक कार्यशाला आयोजना गर्ने
- प्रदेश र संघीय सरकारलाई ज्ञापनपत्र बुझाउने
- पैदल हिँडेर काठमाडौं केन्द्रीत अभियान गर्ने

## ९. संभावित सहकार्यका क्षेत्र मार्फत् उस्तै गरि गर्न सकिने केही उत्कृष्ट अभ्यासहरु :

- **सहभागीतामूलक योजना र कार्यन्वयन**: RDN ले मुक्त हरवा-चरवा अधिकार अभियान -२०२३ आयोजना गर्न सहभागीतामूलक योजना प्रक्रिया अबलम्बन गरेको थियो । विस्तृत तालिका निर्माण, राती बस्नको लागि स्थान छनौट आदि लगायत अभियानका सहभागी छनौट गर्न श्रृङ्खलावद्ध रुपमा छलफल र परामर्श आयोजना गरियो । त्यसैगरि, आवश्यक प्रतिक्रिया र सहयोग बटुल्न कार्यक्रमको अवधारण टिप्पणी (Concept note) सुरुमै TFF सँग बाँडिएको थियो ।

**- लागत प्रभावकारिता** : ज्याकेट, टोपी प्रिन्टिङ सहित ५० जना सहभागीको बसोबास, खाजा, यात्रा खर्च र अन्य समग्र खर्चको लागि ७३७,५०० रुपैंयाको बजेट स्विकृत गरिएको थियो तर अभियान सफलतापूर्वक सम्पन्न गर्न लाखौं स्थानीय स्रोत परिचालन गरियो । स्थानीय र जिल्ला हरवा-चरवा सञ्जालहरुले निर्धारित कार्यक्रममा स्थानीय समुदायका मानिसहरु भेला गर्न आफ्नै स्थानीय स्रोत प्रयोग गरे । कार्यकर्ता र स्थानीय पहलबाट हजारौं हरवा-चरवाहरु परिचालन गर्न स्थानीय सरकारको लागत र अन्य सहयोग गणना गर्दा रु. १०,००,००० भन्दा बढि प्रयोग गरिएको थियो ।

**- सरोकारवाला समेत स्थानीय र प्रदेश सरकारसँग समन्वय** : हरवा-चरवा सञ्जाल सदस्यहरु लगायत RDN का टोली सदस्यहरुले स्थानीय सरकार जस्तैः वार्ड कार्यालय, गाउँपालिका/नगरपालिका कार्यालयहरु, सरकारी कार्यालयहरु, निर्वाचित प्रतिनिधिहरु, प्रदेश सभा सदस्यहरु, नागरिक समाज संस्थाहरु, मानव अधिकार संघहरु, प्रहरी कार्यालयहरु र TFF का स्थानीय कार्यन्वयन साझेदारसँग समन्वय र सहकार्य गरे । यी समान विचारधारावाला संस्थाहरुले कार्यक्रमको बेला आवश्यक सहयोग र समन्वय प्रदान गरे ।

- **मिडिया साझेदारी** : RDN ले व्यापक स्तरमा अभियानको सन्देश फैलाउनको लागि दर्जनौं राष्ट्रिय र स्थानीय विद्युतिय र छापा मिडियासँग समन्वय गरेको थियो । राष्ट्रिय मिडिया जस्तैः गोरखापत्र, राष्ट्रिय समाचार समिति, कान्तिपुर, दलित अनलाइन, रातोपाटीलगायत दर्जनौं स्थानीय मिडियाले हालै मुक्त भएका हरवा-चरवाका सवालहरु उजागर गर्न सहकार्य गरेका थिए । नीति निर्मातालाई सचेत गराउन कार्यक्रमको बेला सञ्चारकर्मीहरु पूर्ण रुपमा परिचालन गरिएको थियो । केही प्रख्यात टेलिभिजन र एफएम रेडियोहरुमा प्रसारण भएका समाचारहरुको लिंक तल दिइएको छः

**- एक्टीभिष्टमा आधारित अभियान (एबिसि)** : अभियानले हालै मुक्त भएका हरवा-चरवाको अधिकार, स्वतन्त्रता र पूनर्स्थापनाको लागि कार्यवाहीको श्रृङ्खला सिर्जना गरेको छ । कार्यक्रमको बेला, दर्जनौं स्थानीय सरकार र प्रदेश सरकारसमेतले हरवा-चरवाका मुद्दा सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । हरवा-चरवा कार्यकर्ता स्वयंले अभियान सञ्चालन गर्न मुख्य भूमिका खेलेका थिए जुन स्थानीय-नेतृत्व र स्थानीय स्वामित्वमा सम्पन्न भयो ।

- **सुरक्षा जोखिम व्यवस्थापन** : स्वतन्त्र कोषले प्रदान गरेको खाकामा आधारित रहेर सुरक्षा जोखिम र त्यसको न्यूनीकरणका उपायहरु स्पष्ट उल्लेख गरेर RDN ले सुरक्षा जोखिम मूल्यांकन योजना तयार गरेको छ । उक्त कार्य परियोजनाले ओगटेको क्षेत्रका हरवा-चरवा सञ्जाल सदस्यहरुसँगको छलफल गरेर सम्पन्न गरिएको थियो ।
*उक्त सुरक्षा जोखिम व्यवस्थापन योजना अनुसूचि १ मा राखिएको छ ।

- **प्रदर्शनी/दृश्यसामाग्री** : (Freedom Fund) स्वतन्त्र कोषसहित यसका स्थानीय कार्यन्वयन साझेदारहरु र राष्ट्रिय हरवा-चरवा सञ्जालको दृश्यताका लागि व्यानर र ज्याकेट र टोपीलगायत आह्वान, तालिका र कार्यक्रमको अवधारणा नोट जस्ता सामाग्री राखेर RDN ले दृश्यताको सुनिश्चितता गरेको थियो ।

- **सहभागीलाई प्रमाणपत्र** : अभियानका सहभागीहरुलाई भविष्यमा हुने यस्तै अभियानमा सामेल हुन प्रोत्साहन गर्न प्रसंसासहितको प्रमाणपत्र प्रदान गरिएको थियो । मधेस प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय सुरीता शाह, RDN नेपालका केन्द्रीय अध्यक्ष गणेश विके, (Freedom Fund) स्वतन्त्र कोषका कार्यक्रम सल्लाहकार जियाम श्रेष्ठ र राष्ट्रिय हरवा-चरवा सञ्जालका अध्यक्ष दशनलाल मण्डलले प्रसंसापत्रमा हस्ताक्षर गर्नुभएको थियो । अभियानका सहभागीहरुलाई मधेस सरकारका सामाजिक मन्त्रीको हातबाट प्रसंसापत्र प्रदान गरिएको थियो ।

- **हस्ताक्षर अभियान** : अभियानको बेला, भर्खरै मुक्त भएका हरवा-चरवाको तत्काल पूनर्स्थापनाको लागि ऐक्वद्धता जनाउन स्थानीय सरकार, निर्वाचित जनप्रतिनिधिहरु, संसद सदस्य, नागरिक समाज संस्था, मानवअधिकार कार्यकर्ता र अरु सम्बन्धित सरोकारवालाबाट हजारौं हस्ताक्षर बटुल्न जिल्ला हरवा-चरवा कार्यकर्ताहरु परिचालन गरिएको थियो । संकलित हस्ताक्षरहरु मधेस सरकारका सामाजिक विकास मन्त्री र अभियानको समापन समारोहका प्रमुख अतिथिलाई हस्तान्तरण गरिएको थियो ।

## १०. तत्काल उपलब्धीहरु :

- ❖ १० हजारभन्दा बढि मुक्त हरवा-चरवालाई व्यवस्थित रुपमा तिनीहरुको अधिकार दावी गर्न संगठित, सशक्तिकरण र परिचालन गरियो ।
- ❖ मधेस प्रदेशका ८ जिल्लाका १ लाख भन्दा मुक्त हरवा-चरवाले नेपाल सरकारले गरेको हरवा-चरवा मुक्तिको घोषणाबारे राम्रोसँग जानकारी पाए ।
- ❖ ४० प्रतिशत हरवा-चरवा महिला सहभागितासहित जम्मा ५० हरवा-चरवा सञ्जाल सदस्यहरु विभिन्न मञ्चहरुमा तिनीहरुको आवाज र चासो उठाउन अभियानमा आवद्ध भए ।

❖ स्थानीय र प्रदेशस्तरका नीति निर्माता र कर्तव्यपालकहरु हरवा-चरवाका विषयहरुमा संवेदनशिल भए र तिनीहरुले भर्खरै मुक्त भएका हरवा-चरवाको तत्काल पूनर्स्थापना केन्द्रीत प्रतिवद्धता व्यक्त गरे ।
❖ हरवा-चरवा समुदायहरु मुक्त हरवा-चरवाको अधिकारसम्बन्धि कानुन र संवैधानिक प्रावधानबारेमा जानकार भए ।
❖ नीति निर्माण स्तरमा प्रभाव पार्न विभिन्न स्थानीय र राष्ट्रियस्तरका छापा र विद्युतिय माध्यममा मुक्त हरवा-चरवाका ३०० भन्दा बढि समाचार र फिचर कथाले प्रथमिकता पाए ।

## ११. सिकाइ :

❖ सहभागीतामूलक छलफलले अन्तिम उत्पादनको प्रभावकारिता सुनिश्चित गर्न टोली सदस्यहरुबिच साझा समझदारी निर्माण गऱ्यो ।
❖ लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) सुनिश्चित गर्दै अधिकार प्राप्त/आयोजना लाभार्थीहरुको छनौटले परियोजनाका क्रियाकलापको थप प्रभावकारिता र स्वामित्व उत्पन्न गरायो ।
❖ स्थानीय सरकारी निकायसँगको सहकार्य र साझेदारीले सार्वजनिक सेवाका अधिकार प्राप्त व्यक्तिहरुसँगको पहुँच बढायो ।

## १२. जोखिम र न्यूनीकरणका उपायहरु :

**पहिचान गरिएका जोखिमहरु** :

| |
|---|
| ○ जमिन्दार/मालिकद्वारा आकर्षण |
| ○ सहभागीहरुको बिमारी |
| ○ हरवा-चरवाप्रति दुर्व्यबहार, जमिनदार/मालिकहरुको प्रभुत्व |
| ○ चोरी |
| ○ यौन उत्पीडन |
| ○ कमजोर सहभागीहरुलाई वेवास्ता |
| ○ आँधी |

**न्यूनीकरणका उपायहरु** :

| |
|---|
| ○ अभियानको विस्तृत विवरणसहित लिखित सूचना स्थानीय प्रहरी कार्यालयमा दिईएको |
| ○ प्राथमिक उपचार बाकसहरुको व्यवस्था गरेको |
| ○ आचारसंहिताबारे अभिमूखिकरण गरिएको र सूचना प्रहरी कार्यालयमा बुझाइएको |
| ○ आ-आफै आफ्नो ध्यान राखेको, आचारसंहिता पालना गरेको |
| ○ सहभागीहरुलाई आचारसंहिताबारे अभिमूखिकरण गरिएको |
| ○ सहभागीहरुलाई आचारसंहिताबारे अभिमूखिकरण गरिएको |
| ○ अभियान योजनाअनुसार सञ्चालन गरिएको |

## १३. अबको बाटो :

- हरवा-चरवा अभियानको समीक्षा गर्ने र त्यसको सन्देश स्थानीय तहमा सम्प्रेषण गर्ने
- मत्रेस प्रदेशका आठ जिल्लाका ३२ ओटै पालिकामा एकै दिन आगामी नीति, कार्यक्रम र बजेटलाई लक्षित गरेर लिखित ज्ञापन पत्र/प्रतिक्रिया पत्र बुझाउने
- मधेस प्रदेश सरकार मातहतको दलित विकास समितिसँगको समन्वयमा एउटा रणनीतिक कार्यशाला आयोजना गर्ने र आगामी नीति, कार्यक्रम र बजेटलाई लक्षित गरेर सुझावहरु पेश गर्ने ।
- तत्कालै सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराउने र संघीय सरकारको आगामी नीति, कार्यक्रम र बजेट लक्षित गरेर हरवा-चरवाका सवाल सम्बोधन गर्न ज्ञापनपत्र बुझाउने
- यदि यी मागहरु सम्बोधन भएनन् भने, पहिलो चरणमा हरवा-चरवा सञ्जाल सदस्यहरु गाउँ/नगरपालीहरुमा जानेछन्, दोस्रो चरणमा प्रदेश राजधानी जानेछन्, र तेस्रो चरणमा जनकपुरदेखि काठमाडौं सम्म पुग्नेछन् ।

## १४. समग्र प्रभाव :

- **हरवा-चरवा सञ्जालको क्षमता अभिवृद्धिः** भर्खरै सम्पन्न अभियानमा हजारौं हरवा-चरवा सञ्जाल सदस्यहरु आवद्ध भएका कारण, व्यवस्थित रुपमा आफ्नो अधिकार र हकदारी दावी गर्न तिनीहरुको परिचालन क्षमता थप बढेको छ । तिनीहरु आफ्नो आवाज उठाउन र नीतिमा परिवर्तनका लागि चासो व्यक्त गर्न सक्षम छन् जसले अन्ततः सम्पत्तिमा पहुँच बढाउने उद्देश्य राख्छ । तिनीहरुले समग्र वकालतका सवाल र मागबारे आफ्नो साझा बुझाई निर्माण गरेका छन् । हरवा-चरवा सञ्जाल सदस्यहरुले तिनीहरुको समग्र मोलमोलाई र अधिकार लिने आफ्नो दुबै सीप बढाएका छन् । अभियानको क्रममा, समूह नियन्त्रण, स्थानीय सरकार, नागरिक समाज सँस्था, मानवअधिकार कार्यकर्ता र मिडियासँग सँग समन्वय गरेर उनीहरुले उत्कृष्ट कार्यसम्पादन प्रदर्शन गरे । जसका कारण तिनीहरुलाई आवश्यक सहयोग प्राप्त भयो । अर्कोतर्फ, तिनीहरुले संस्थागत व्यवस्थापन, सञ्चार र नेटवर्कीङमा क्षमता अभिवृद्धि गरे ।

- **स्थानीय र प्रदेश सरकारको प्रतिवद्धता :** अभियानको क्रममा, दर्जनौं सम्बन्धित नगरपालिकाका मेयर र उपमेयरहरुले हरवा-चरवाको मुद्दाहरु आगामी नीति तथा कार्यक्रममा सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । त्यसैगरि, प्रादेशिक सरकारले उचित योजना र नीतिहरु बनाएर हरवा-चरवाका सवालहरु सम्बोधन प्रतिवद्धता व्यक्त गऱ्यो । मधेस प्रदेशका ८ जिल्लाका स्थानीय निकाय कार्यालयहरुले पनि चिया/नास्ता, पानी, स्थानीय यातायात खर्च र दिवा खाना जस्ता आवश्यक खानपानसम्बन्धित सहयोग गरे जुन हजारौं हरवा-चरवालाई अभियानमा आवद्ध गरिरहन आवश्यक थियो ।

- **संघीय सरकारको संवेशनशीलता :** भर्खरै मुक्त भएका हरवा-चरवाको पूनर्स्थापनाको लागि संघीय सरकार पनि संवेदनशी भएको छ । अभियानको मध्यतिर, प्रधानमन्त्री कार्यालयको सचिवालयबाट RDN का अध्यक्ष गणेश विकेलाई मोबाइलमा सूचीत गरिएको थियो । हरवा-चरवालाई गर्मी मौसममा दक्षिण-पूर्वी तराइ क्षेत्रमा परिचालन गर्नको सट्टा स्पष्ट मागहरु लिएर छलफलमा आउन पनि सचिवालयले उहाँलाइ आग्रह गरेको थियो । त्यसैगरि, संसद सदस्यहरु

राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय अध्यक्ष समेत रहनुभएका माननीय राजेन्द्र लिङ्देन, र नेकपा (एमाले)का सिरहा जिल्ला प्रतिनिधि माननीय सम्झना थपलीयाले हरवा-चरवाका मुद्दा सम्बोधन गर्ने बारेमा दृढतापूर्वक बोल्नुभयो । दुबै सांसदहरुले सरकारले मुद्दा सम्बोधन नगर्दासम्म उहाँहरु स्वयं मधेसमा हरवा-चरवाका गतिविधिमा सहभागी हुने बताउनुभयो । दुबै सांसदको चासोमा आधारित रहेर, संघीय सरकारका भूमि व्यवस्था, सहकारी र गरिबी निवारण मन्त्री माननीय रञ्जिता श्रेष्ठले स्पष्ट रुपमा आफ्नो कार्यकालमा हरवा-चरवाको पूनर्स्थापनाको लागि आवश्यक पहल गर्ने बताउनुभयो । उहाँहरुको आवाज तल दिइएको प्रत्यक्ष प्रसारणको लिंक मार्फत् सुन्न सकिन्छ;
https://hr.parliament.gov.np/en/parliamentLive?fbclid=IwAR1Hz8ymMIdSYW6nrAwNRoEREuLfXdWPCzKlmYho6REMKscCaBeFuG_EJKw

- **सरकार र सरोकारवालाको व्यवहारमा परिवर्तन :** स्थानीय सरकार र सम्बन्धित सरोकारवालाको दृष्टिकोण र व्यवहार निकै सकारात्मक रहेको देखियो । उनीहरुले आवश्यक पर्दा ठूलो मात्रामा सहयोग र समन्वय गरेका छन् । अभियानका सहभागीहरुको सुरक्षाको सम्बन्धमा कुनै चुनौतीहरु देखिएनन् । हरवा-चरवाका जग्गा मालिकहरुले अभियानको बेला कुनै अवरोध उत्पन्न गरेनन् । स्थानीय प्रहरी कार्यालयले अभियान हुने बाटो (रुट) मा पूर्ण सुरक्षा प्रदान गरेको थियो । सुरक्षा विषयसँग सम्बन्धित आवश्यक सुचना प्रदान गरेर प्रहरी कार्यालयको केन्द्रीय अनुसन्धान विभागले पनि अभियान टोलीलाई सहयोग गर्‍यो । नागरिक समाज संस्था, मानव अधिकार संस्था, मिडिया र स्थानीय स्तरका मुद्दामा आधारित आन्दोलन/गतिविधिहरु जस्ता सम्बन्धित सरोकारवालाहरुले अभियान टोली सदस्यहरुलाई स्वागत गरे र तिनीहरुको ऐक्वद्धता पनि देखाए ।

## १५. समापन टिप्पणी :

नयाँ जारी भएको संविधानअनुसार नेपालको संघीय लोकतान्त्रीक गणतान्त्रीक व्यवस्थालाई संस्थागत गर्ने उद्देश्यले, सबै तीनओटै तहको आगामी पाँच वर्षको लागि दोस्रो चरणको निर्वाचन सम्पन्न भएको छ र देश सामाजिक न्याय र समावेशी विकाससँगै सम्वृद्धिको यात्रामा थप अघि बढेको छ । यस्तो ऐतिहासिक अवसरमा, यदि संविधानमा राखिएका प्रावधानलाई नयाँ योजनासहित सशक्तिकरण गर्न सकिएन भने तिनीहरुको कार्यन्वयन संविधानमा मात्रै सिमित रहने छ । त्यसैले, भर्खरै मुक्त भएका हरवा-चरवाको तत्काल पूनर्स्थापना उदयीमान सवाल बनेको छ त्यसैले नेपालका सबै तहका सरकारले हरवा-चरवाको पूनर्स्थापना गर्न सामूहिक रुपमा काम गर्न आवश्यक छ । हरवा-चरवाको अगुवाइमा नेपालमा सम्पन्न यो एउटा ऐतिहासिक पहल/कार्यक्रम हो जसमा स्वतन्त्र कोष (Freedom Fund) ले प्राविधिक सहयोगको हिसाबले र आफ्ना स्थानीय कार्यन्वयन साझेदारहरु अभियान क्षेत्रमा परिचालन गरेर महत्वपूर्ण भूमीका खेल्यो ।

**अनुसूची-१: सुरक्षा जोखिम मुल्यांकन**

| खतरा/जोखिमको व्याख्या | जोखिम कसलाई | संभावना | न्यूनीकरणका रणनीतिहरु | न्यूनीकरण पछि जोखिम स्तर | अब लिनुपर्ने कदम | जिम्मेवार | मिति-रेखा |
|---|---|---|---|---|---|---|---|
| जग्गा मालिक/मालिक आकर्षित हुने | मुक्त हरवा-चरवा | ३ | अभियानको विस्तृत विवरणसहित लिखित सूचना स्थानीय प्रहरी कार्यालयमा दिईएको | १ | सहभागीहरुलाई जोखिम/बचाउ बारे अभिमूखिकरण गर्ने | सुरक्षा सम्पर्क व्यक्ति | २१-२४ चैत २०७९ |
| सहभागीहरुको बिमारी | अभियानका सहभागीहरु | ३ | प्राथमिक उपचार बाकसहरुको व्यवस्था गरेको | १ | स्वास्थ्य स्वयंसेवक खटाउने | व्यवस्थापन समूह | २५-२७ चैत २०७९ |
| हरवा-चरवाप्रति दुर्व्यबहार, जमिनदार/मालिकहरुको प्रभुत्व | हरवा-चरवा | २ | आचारसंहिताबारे अभिमूखिकरण गरिएको र सूचना प्रहरी कार्यालयमा बुझाइएको | १ | गुनासो व्यवस्थापन संयन्त्रलाई प्रोत्साहन गर्ने | सुरक्षा सम्पर्क व्यक्ति | २५-२९ चैत २०७९ |
| चोरी | सहभागीहरु | १ | आ-आफै आफ्नो ध्यान राखेको, आचारसंहिता पालना गरेको | १ | सावधानी अपनाउने | सुरक्षा सम्पर्क व्यक्ति | २५-२९ चैत २०७९ |
| यौन उत्पीडन | हरवा-चरवा महिला | १ | आचारसंहिताबारे अभिमूखिकरण गरिएको | १ | सावधानी अपनाउने | सुरक्षा सम्पर्क व्यक्ति | २५-२९ चैत २०७९ |
| कमजोर सहभागीहरुलाई वेवास्ता | अभियानका कमजोर सहभागीहरु | १ | आचारसंहिताबारे अभिमूखिकरण गरिएको | १ | सावधानी अपनाउने | सुरक्षा सम्पर्क व्यक्ति | २५-२९ चैत २०७९ |
| आँधी | सहभागीहरु | १ | अभियान योजनाअनुसार | १ | सावधानी अपनाउने | सुरक्षा सम्पर्क व्यक्ति | २५-२९ चैत २०७९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सञ्चालन गरिएको | | | | |

***टिप्पणी: १=न्यून, २=मध्यम र ३=उच्च**

**अनुसूची-२: सहभागीहरुको सूची (समूह ए (राजविराज देखि जनकपुरसम्म)):**

| **क्र.स.** | **नाम** | **लिङ्ग** | **संस्था** | **पद** | **जिल्ला** | **सम्पर्क** |
|---|---|---|---|---|---|---|
| **१** | गणेश विके | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **केन्द्रीय अध्यक्ष** | काठमाडौं | ९८५१०८२७३३ |
| **२** | पार्वती आग्री | महिला | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **सुरक्षा सम्पर्क व्यक्ति** | कैलाली | ९८४८४३००८५ |
| **३** | सञ्जय महरा | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **वकालत अधिकृत** | सिरहा | ९८४२८३९१०६ |
| **४** | दसन मण्डल | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **अध्यक्ष** | सप्तरी | ९८२१७५८४९९ |
| **५** | लगिन्द्र सदा | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **महासचिव** | सप्तरी | ९८१६७७४३८२ |
| **६** | राम दयाल माझी | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सहसचिव** | धनुषा | ९८०७८४७९९४ |
| **७** | मोहमद कसिम मिया | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सचिव** | सिरहा | ९८०४७८४५७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | सुमित्रा देवी खाङ | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सप्तरी | ९८०५९१३४८ |
| ९ | गिता देवी सदा | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सिरहा | ९८२४७१३०५९ |
| १० | आश्मा खातुन | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | धनुषा | ९८०७६५६२४४ |
| ११ | सुनिता देवी सदा | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सप्तरी | ९८२७७६०४०७ |
| १२ | देव लाल राम | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **अध्यक्ष** | सप्तरी | ९८१९९०८५५२ |
| १३ | चन्द्रेश्वरी देवी सदा | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सप्तरी | ९८०७७८०३२७ |
| १४ | सुनिता देवी राम | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सप्तरी | ९८११७९६८४६ |
| १५ | श्याम सुन्दर सदा | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **अध्यक्ष** | सिरहा | ९८२४७३६८६८ |
| १६ | चलितर मण्डल | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **उपाध्यक्ष** | सिरहा | ९८१६७६१००३ |
| १७ | हरि राम | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सिरहा | ९८१५७५५७०५ |
| १८ | जमुना देवी सदा | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सिरहा | ९८१९९२४३१८ |
| १९ | राजदेब मुखिया | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **अध्यक्ष** | धनुषा | ९८२७६७८२२१ |
| २० | फुलकुमारी गुप्ता | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **उपाध्यक्ष** | धनुषा | ९८२६८७१६३४ |
| २१ | फिरान पासवान | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | धनुषा | |

**अनुसूची-२: सहभागीको सूची (समूह बि (विरगंज देखि जनकपुरसम्म)**

| क्र.स. | नाम | लिङ्ग | संस्था | पद | जिल्ला | सम्पर्क |
|---|---|---|---|---|---|---|
| १ | जंग बहादुर सुनार | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **कोषध्यक्ष** | कैलाली | ९८४८४२२७५२ |
| २ | हुकुमबहादुर सार्की | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **कार्यकारी निर्देशक** | कैलाली | ९८४८६७१३६१ |
| ३ | भरत आग्री | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **व्यवस्थापन र वित्त प्रवन्धक** | कैलाली | ९८४८४४५३५३ |
| ४ | रुपनारायण पासवान | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **वकालत अधिकृत** | बारा | ९८४५१२८४०२ |
| ५ | ब्रिजलाल पासवान | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **जिल्ला हरवा-चरवा एक्टीभिष्ट** | पर्सा | ९८४५१८४६९० |
| ६ | राजेश पासवान | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **जिल्ला हरवा-चरवा एक्टीभिष्ट** | बारा | ९८४०९०११७१ |
| ७ | सुब्बा साहेब पासवान | पुरुष | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **जिल्ला हरवा-चरवा एक्टीभिष्ट** | रौतहट | ९८५१२७५९५१ |
| ८ | नविना माझी | महिला | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **जिल्ला हरवा-चरवा एक्टीभिष्ट** | सर्लाही | ९७६२३०५५२३ |
| ९ | ममता विश्वकर्मा | महिला | राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल | **जिल्ला हरवा-चरवा एक्टीभिष्ट** | महोत्तरी | ९८४४०३१३४० |
| १० | श्रीप्रसाद सदा | पुरुष | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **उपाध्यक्ष** | धनुषा | ९८०७८४७९९४ |

THE FREEDOM FUND

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | राजबती देवि मण्डल | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **कोषध्यक्ष** | सिरहा | ९८२५७४९८४० |
| १२ | आशा पासवान | महिला | राष्ट्रिय हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सर्लाही | ९८१९९२७६०० |
| १३ | शिबा सदा | पुरुष | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **अध्यक्ष** | महोत्तरी | ९८२६८५५८८२ |
| १४ | साबित्रीदेबि सदा | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | महोत्तरी | ९८२९९७६६१९ |
| १५ | रामसखी देवि खत्बे | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | महोत्तरी | ९८१२०२९०१५ |
| १६ | राम दयाल माझी | पुरुष | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **अध्यक्ष** | सर्लाही | ९८००८४८१२० |
| १७ | राजरनीया माझी | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **सहसचिव** | सर्लाही | ९८०९६५२२२९ |
| १८ | देबेन्द्र राम | पुरुष | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | सर्लाही | ९८६४१४३४७६ |
| १९ | खुस्बु पासवान | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **उपाध्यक्ष** | रौतहट | ९८१३००७८१४ |
| २० | शान्ती देवि राम | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **कोषध्यक्ष** | रौतहट | ९८०२९५०१७७ |
| २१ | दशरथ राम | पुरुष | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | रौतहट | ९८२१२२६९७३ |
| २२ | करिश्मा माझी | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **कोषध्यक्ष** | बारा | |
| २३ | तुल्सी माझी | पुरुष | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | बारा | ९८११८६३२५१ |
| २४ | दुर्गा माझी | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **सदस्य** | बारा | ९८०६८२३४३४ |
| २५ | अमरदेव पासवान | पुरुष | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **अध्यक्ष** | पर्सा | ९८२६२३७७५३ |
| २६ | उमापति माझी | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **उपाध्यक्ष** | पर्सा | ९८१५२७३१४६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | शोभा देवि राम | महिला | जिल्ला हरवा-चरवा अधिकार मञ्च | **कोषध्यक्ष** | पर्सा | ९८११११२५७३ |

## अनुसूची-३: राती बास बस्ने ठाउँको सम्पर्क विवरण:

| मिति | स्थान | सम्पर्क | मिति | स्थान | सम्पर्क |
|---|---|---|---|---|---|
| **मार्ग 'ए' (राजविराज देखि जनकपुर)** | | | **मार्ग 'बि' (विरगंज देखि जनकपुर)** | | |
| २४ चैत २०७९ | होटेल आई गार्डेन पार्टी प्यालेस, राजविराज | ९८५२८२१९०१ | २४ चैत २०७९ | रानीसाथी धर्मशाला, विरगंज, पर्सा | ९८४५०६०५६८ |
| २५ चैत २०७९ | मारवाडी सेवा सदन, लहान, सिरहा | ९८५२८३३४१० | २५ चैत २०७९ | दास गेष्ट हाउस, कलैया, बारा | ९८५५०२५३३२ |
| २६ चैत २०७९ | नेपाल रेड क्रस सोसाइटी सामुदायिक भवन नयाँ चोहर्वा, सिरहा | ९८१५७२२३६९ | २६ चैत २०७९ | सिया प्यालेस, गौर, रौतहट | ९८५५०४४१७९ |
| २७ चैत २०७९ | नेपाल रेड क्रस सोसाइटी सामुदायिक भवन नयाँ चोहर्वा, सिरहा | ९८१५७२२३६९ | २७ चैत २०७९ | दिपक पार्टी प्यालेस, बर्दिबास, महोत्तरी | ९८१९८७९८६३ |
| २८ चैत २०७९ | सगुन ग्यालेक्सी होटेल, सीता चोक, जनकपुर | ९८२९९९३६६९ | २८ चैत २०७९ | सगुन ग्यालेक्सी होटेल, सीता चोक, जनकपुर | ९८२९९९३६६९ |
| २९ चैत २०७९ | जनकपुरमा समीक्षा र विचार बैठक र काठमाडौंको लागि योजना | | २९ चैत २०७९ | जनकपुरमा समीक्षा र विचार बैठक र काठमाडौंको लागि योजना | |

## अनुसूची-४, (अभियानको लागि आवश्यक उपकरण/सामाग्री-रुजु-सूची)

| क्र.स. | आवश्यक उपकरण/सामाग्री | इकाइ | संख्या |
|---|---|---|---|
| १ | समूह ए र बि को लागि ट्र्याक्टरहरु (केही सहभागीले साइकल लिनेछन्) | नम्बर | ४ |
| २ | नारा र सन्देशसहितका प्लेकार्डहरु | ओटा | १०० |
| ३ | सहभागीहरुको लागि हाफ ज्याकेट | ओटा | ५० |
| ४ | सहभागीहरुको लागि टोपीहरु | ओटा | ५० |
| ५ | माइकहरु भाडामा | नम्बर | २ |
| ६ | साउण्ड सिस्टम/बाकस भाडामा | नम्बर | २ |
| ७ | दृश्य-वृत्तचित्र | व्यक्ति | १ |
| ८ | अतिथिको लागि निमन्त्रणा पत्र | नम्बर | १०० |
| ९ | तुल/व्यानर | नम्बर | ४ |
| १० | प्राथमिक उपचार बाकस | बाकस | २ |
| ११ | स्थानीय प्रहरी कार्यालय र सरकारको लागि जानकारी पत्र | नम्बर | २० |
| १२ | अतिथि व्यवस्थापन (यात्रा र आवास) | व्यक्ति | २ |
| १३ | पत्रकार व्यवस्थापन (यात्रा र आवास) | व्यक्ति | ५ |
| १४ | खादा | नम्बर | १०० |
| १५ | आग्रह | ओटा | ५००० |

| | | | |
|---|---|---|---|
| १६ | स्थानीय हरवा-चरवा सञ्जालबाट ज्ञापन पत्र संकलन | नम्बर | २० |
| १७ | मधेश प्रदेशका मुख्य मन्त्रीलाई ज्ञापन पत्र | नम्बर | १ |
| १८ | विक्रेताहरुसँग सहमती (ट्र्याक्टरहरु) | नम्बर | २ |
| १९ | बैठक विवरण रिपोर्ट | नम्बर | २ |

## अनुसूची-५: अभियानको तालिका:

| (समूह ए (राजविराज देखि जनकपुरसम्म)) | | | | | |
|---|---|---|---|---|---|
| मिति | समय | गतिविधि | स्थान | उत्तरदायी | सम्पर्क |
| **२५ चैत, २०७९ ( पहिलो दिन)** | ९:00AM | अभियानको उद्घाटन | **राजविराज(नेताचोक)** | लगिन्द्र सदा | ९८१६७७४३८२ |
| | १:00PM | प्रतिवद्धता कार्यक्रम आयोजना, दिवा खाना | **शम्भुनाथ** | लगिन्द्र सदा | ९८१६७७४३८२ |
| | ३:३0PM | प्रतिवद्धता कार्यक्रम आयोजना | **सुरुङ्गा (कद्माहा)** | लगिन्द्र सदा | ९८१६७७४३८२ |
| | ३:00PM | प्रतिवद्धता कार्यक्रम आयोजना र रातको बसाइ | **लहान** | श्याम सदा | ९८२४७३६८६८ |
| **२६ चैत, २०७९ ( दोस्रो दिन)** | ९:00AM | प्रतिवद्धता कार्यक्रम आयोजना | **बस्तीपुर** | श्याम सदा | ९८२४७३६८६८ |
| | १:00PM | प्रतिवद्धता कार्यक्रम आयोजना, दिवा खाना | **सकुवानन्करकट्टी** | श्याम सदा | ९८२४७३६८६८ |
| | १:00PM | प्रतिवद्धता कार्यक्रम आयोजना र रातको बसाइ | **गोलबजार** | श्याम सदा | ९८२४७३६८६८ |
| **२७ चैत, २०७९ ( तेस्रो दिन)** | ११:00AM | प्रतिवद्धता कार्यक्रम आयोजना | **बरियारपट्टी** | सञ्जय महरा | ९८४२८३९१0६ |
| | १:00PM | प्रतिवद्धता कार्यक्रम आयोजना, दिवा खाना | **औरही** | सञ्जय महरा | ९८४२८३९१0६ |
| | | | | | |
| | ४:00PM | प्रतिवद्धता कार्यक्रम आयोजना र रातको बसाइ | **सिरहा बजार** | सञ्जय महरा | ९८४२८३९१0६ |
| **२८ चैत, २०७९ ( चौथो दिन)** | ९:00AM | प्रतिवद्धता कार्यक्रम आयोजना | **गणेशमान चारनाथ** | राम माझी | ९८0७८४७९९४ |
| | ११:00AM | प्रतिवद्धता कार्यक्रम आयोजना, दिवा खाना | **शहिदनगर** | राम माझी | ९८0७८४७९९४ |
| | ४:00PM | अभियानको समापन समारोह | **जनकपुर** | सञ्जय महरा | ९८४२८३९१0६ |
| | **(समूह ए (विरगंज देखि जनकपुरसम्म))** | | | | |

| मिति | समय | गतिविधि | स्थान | उत्तरदायी | सम्पर्क |
|---|---|---|---|---|---|
| **२५ चैत, २०७९ ( पहिलो दिन)** | ९:००AM | अभियानको उद्घाटन | **विरगंज** | ब्रिजलाल पासवान | ९८४५१८४६९० |
| | १०:३०AM | प्रतिवद्धता कार्यक्रम आयोजना | **बहुदरमाई** | ब्रिजलाल पासवान | ९८४५१८४६९० |
| | १:००PM | प्रतिवद्धता कार्यक्रम आयोजना, दिवा खाना | **जितपुर** | राजेश पासवान | ९८०७१६६१५० |
| | ४:००PM | प्रतिवद्धता कार्यक्रम आयोजना र रातको बसाइ | **कलैया** | रुपनारायण पासवान | ९८४५१२८४०२ |
| **२६ चैत, २०७९ ( दोस्रो दिन)** | १०:००AM | प्रतिवद्धता कार्यक्रम आयोजना | **कलैयामाई** | रुपनारायण पासवान | ९८४५१२८४०२ |
| | १२:०० मध्यान्ह | प्रतिवद्धता कार्यक्रम आयोजना, दिवा खाना | **कोल्वी** | रुपनारायण पासवान | ९८४५१२८४०२ |
| | २:३०PM | प्रतिवद्धता कार्यक्रम आयोजना | **बालचनपुर** | सुब्बा पासवान | ९८५१२७५९५१ |
| **२७ चैत, २०७९ ( तेस्रो दिन)** | ३:३०PM | प्रतिवद्धता कार्यक्रम आयोजना | **गरुडा** | सुब्बा पासवान | ९८५१२७५९५१ |
| | ६:००PM | प्रतिवद्धता कार्यक्रम आयोजना र रातको बसाइ | **गौर** | सुब्बा पासवान | ९८५१२७५९५१ |
| | १२:०० मध्यान्ह | प्रतिवद्धता कार्यक्रम आयोजना, दिवा खाना | **मलंगवा** | नविना माझी | ९८१४८७३०६७ |
| | २:००PM | प्रतिवद्धता कार्यक्रम आयोजना र रातको बसाइ | **बर्दिबास** | नविना माझी | ९८१४८७३०६७ |
| **२८ चैत, २०७९ ( चौथो दिन)** | ११:००AM | प्रतिवद्धता कार्यक्रम आयोजना, दिवा खाना | **जलेश्वर** | ममता विके | ९८४४०३१३४० |
| | २:००PM | अभियानको समापन समारोह | **जनकपुर** | रुपनारायण पासवान | ९८४२८३९१०६ |
| | | | | | |
| **२८ चैत, २०७९ (हरवा-चरवा अधिकार अभियानको समग्र मुल्यांकन र समीक्षा र संघीयस्तरको वकालत अभियान-सचेतना अभियानको योजना)** | | | | | |

**अनुसूची- ६, मिडियामा हरवा-चरवा अभियान:**

**अनुसूची- ६: मिडियामा हरवा-चरवा अभियान:......क्रमश**

**अनुसूची- ६: मिडियामा हरवा-चरवा अभियान:......क्रमश**